# अध्याय १

## भूमिका

# अध्याय १

## भूमिका

### १.१. अध्ययनको उद्देश्य र औचित्य :

नेपाली कथा र उपन्यासको क्षेत्रमा आधुनिकताको जग बसाल्ने साहित्यकारहरूमध्ये रूपनारायण सिंह पनि एकजना हुन् । रूपनारायण सिंहले साहित्यमा प्रवेश गरेको समयमा नेपाली साहित्य परम्परागत प्रवृत्तिकै आधारमा अघि बढ़िरहेको थियो । नेपालतिरका पुष्कर शमशेर, बालकृष्ण सम, विश्वेश्वर प्रसाद कोइराला र गुरूप्रसाद मैनालीकै समकक्षी कथाकारको रूपमा सिंहको स्थान रहेको पाइन्छ भने उपन्यास क्षेत्रमा रूपमतीकार रूद्रराज पाँड़ेको उत्तरवर्ती साहित्यकारका रूपमा यिनले स्थान लिएका छन् । यिनका लेखनको मूलभूत विशेषता हो - नवीनताको आग्रह र शैलीगत चमत्कारिता । यिनै दुइ गुणले गर्दा यिनको लेखनले नेपाली साहित्यलाई अविस्मरणीय माइलखुट्टी तयार गर्नसकेको पाइन्छ ।

रूपनारायण सिंहको विषयमा भारतबाहिरबाट पनि निकै नै अन्वेषणात्मक कार्य भएका छन् तर विद्यावारिधिकै लागि अध्ययन हुने कार्य भने आजसम्म सम्पन्न भएको पाइँदैन । यसैले नेपाली साहित्यमा गहकिलो योगदान दिने साहित्यकार रूपनारायण सिंहलाई शोधाध्ययनका निम्ति ग्रहण गरिएको हो ।

थोरै कृति लेखेर धेरै नाम कमाएका भए पनि यिनीबारे एउटा पुस्तक तथा केही छुटपुट लेखहरूबाहेक मूलभूत मूल्याङ्कन भएको पाइँदैन । यस्ता तेजस्वी र प्रतिभाशाली कृतित्वबारे समाजशास्त्रीय दृष्टिकोणलाई अग्रसारित गरेर अध्ययन गर्ने उद्देश्य यस शोधग्रन्थमा राखिएको छ । हुनता साहित्यकार देशकाल-निरपेक्ष हुन्छन् । क्षेत्रविशेष र वादविशेषले साहित्यकारको

साहित्य निक्यौँल हुन्न तर समाजशास्त्रीय दृष्टिकोणलाई अग्रसारित गर्दा साहित्यकार र उसको कृतिको, युग र समाज अनुरूप साहित्यालोचना गरिनुपर्ने हुनाले स्थानीय साहित्यकार रूपनारायण सिंहलाई नै आलम्बन बनाइएको कुरा अग्रिम स्वीकार गर्नुपर्छ ।

समाजशास्त्रीय अध्ययनको आधारमा नेपाली साहित्यका यावत् साहित्यकारहरूलाई नसमेटेर एक व्यक्ति विषयक अध्ययनलाई मात्र यस शोधकार्यमा प्राधान्य दिइएको छ । साहित्य-आलोचनाका साथै साहित्य अध्ययनका विविध दृष्टिकोणहरूमध्ये समाजशास्त्रीय अध्ययन पनि एउटा महत्वपूर्ण पक्ष हो । साहित्य चतुर्दिक्‌का घटनादेखि अक्षुण्ण रहेर ऐकान्तिक सृष्टि हुने विषय होइन । यो त परिवेश र सन्दर्भसित पल्लवित र पुष्पित हुने विषय हो । यसैकारण समाजनिरपेक्ष-सर्जन जनमुखी हुनसक्दैन । विश्वमा अधिकांश साहित्य समाजसापेक्ष नै हुन्छन् । आधुनिक युगमा समाजलाई छुट्टै अध्ययनको लागि समाजशास्त्र नामक तत्त्वान्वेषी विषय उर्ध्वमुखी बनेको कुरा सर्वविदित नै छ । तथापि समाजसापेक्ष साहित्य-अध्ययनले युगानुकूल महत्व राख्ने सार्वभौमिक सत्यलाई आधार मानेर यहाँ एक व्यक्ति साहित्यकारका कृतित्वलाई समाजशास्त्रीय अध्ययन गर्ने कार्य गरिएको छ ।

साहित्य र समाज एक-अर्काका पूरक र अन्योनाश्रित रहने हुनाले अरू साहित्यमा जस्तै नेपाली साहित्यमा पनि समाजशास्त्रीय अध्ययन हुनु आवश्यक रहेको कुरा अध्ययनबाट थाहा लाग्दछ । नेपाली साहित्यमा यसको अभाव नै छ । यो अभाव थाहा पाउँदापाउँदै पनि यस शोधग्रन्थमा यावत् नेपाली साहित्यको समाजशास्त्रीय अध्ययन सम्भव हुनसकेन । विश्वविद्यालयको निर्धारित नियम-वेष्ठित अध्ययन अनुरूप साहित्यकार रूपनारायण सिंहको साहित्यलाई मात्र समेट्ने प्रयास यसमा गरिएको छ । यसले भविष्यका अरू अध्ययनकर्त्ताको लागि एउटा निर्देशनको आंशिक सङ्केत वा मानदण्डचाहिँ देला भन्ने विश्वास गरिन्छ ।

बीसौं शताब्दीमा दुइ अतिवादी सिद्धान्तले चिन्तनशील मानवमस्तिष्कमा हलचल ल्याइदियो । एउटा हो समाजवादी सिद्धान्त र अर्को हो यौनवादी सिद्धान्त । नेपाली साहित्यमा यौनवादी विश्लेषण निकै नै भएको हुनाले यसमा सन्तोष गर्दै अब समाजशास्त्रीय विश्लेषणको आवश्कतालाई दृष्टिगत गरी निर्धारित नियमावली बमोजिम शोधकार्य सम्पन्न गरिएको छ । यहाँ कतै इतरपक्षमाथि आक्षेप छैन । साहित्य अध्ययनका विभिन्न दृष्टिकोण हुन सक्छन् । यहाँ ग्रहण गरिएको समाजशास्त्रीय अध्ययन पनि यसकै एउटा हाँगो हो । यसले जिज्ञासु साहित्यानुरागीका लागि अनुकूल सन्तुष्टि दिन सक्छ भनी विश्वास राखिएको छ । प्रस्तुत शोधकार्यको औचित्य यही हो ।

## १.२. अध्ययनको कार्यसीमा:

प्रस्तुत शोधप्रबन्ध जम्मा पाँच अध्यायमा विभाजित गरिएको छ-

प्रथम अध्याय भूमिकाको रूपमा छ । यहाँ शोध प्रबन्धको उद्देश्य र औचित्यमाथि प्रकाश पारिएको छ । यसै अन्तर्गत पूर्वकार्यको विवरण पनि प्रस्तुत गरिएको छ ।

दोस्रो अध्याय लेखकको व्यक्तित्व र कृतिको परिचयका रूपमा रहेको छ। लेखकको जन्म, शिक्षा- दीक्षा सामाजिक र साहित्यिक जीवनको परिचय दिनु यस अध्यायको मूल उद्देश्य रहेको छ ।

तेस्रो अध्याय समाजशास्त्र, समाज, साहित्यको समाजशास्त्रीय अनुशीलन र समाजशास्त्रीय अध्ययनका आधारहरू शीर्षक अन्तर्गत रहेको छ ।

समाजशास्त्र मा समाजशास्त्र विषयलाई परिभाषित गरिएको छ भने समाज मा पनि विभिन्न विद्वानूहरूका भनाइलाई अग्रसारित गर्दै समाज सम्बन्धि परिभाषा प्रस्तुत गरिएको छ।

तेस्रो उपशीर्षक साहित्यका समाजशास्त्रीय अनुशीलन मा साहित्यलाई समाजको उपज ठान्दै यही अनुरूप साहित्यालोचना गर्ने परम्परालाई सक्दो पहिल्याउने प्रयास गरिएको छ ।

समाजकै उपज रहेका साहित्य शुरूदेखि नै समाजपरक रहेका छ । यसरी एक अर्काको सम्पूरक भएका साहित्य र समाज नङ मासुको उदाहरण बन्न पुगेका छन्। यति हुँदा हुदै पनि साहित्यलाई समाजशास्त्रीय दृष्टिकोणले अध्ययन गरिने परम्परा भने पश्चिमदेखि नै थालिएको पाइन्छ। पूर्वमा यस परम्पराको अभाव नै छ। यसैले यस अध्यायमा पाश्चात्य विद्वानूहरूकै आधारमा समाजशास्त्रीय समालोचनाको अनुशीलन गरिएको छ।

चौथो उपशीर्षकमा विभिन्न विद्वानूहरूको भनाइ वा सिद्वान्तलाई आधार बनाएर अथवा साहित्य र समाज सम्वन्धि विविध साहित्य समाजशास्त्रीहरूका विचारलाई आधार बनाएर समाजशास्त्रीय अध्ययनका आधारहरू निर्मित गरिएका छन् ।

चौथो अध्याय रूपनारायण सिंहका कृतिहरूको समाजशास्त्रीय अध्ययनका रूपमा प्रस्तुत छ । समाज शास्त्रीय अध्ययनमा तत्कालीन समाजिक विविध पक्षलाई बुझ्नु पर्ने आवश्यकताको बोध गरेर लेखकीय सामाजिक परिवेशलाई पनि यस अध्यायले प्रस्तुत गर्ने प्रयास गरिएको छ । दार्जीलिङ र यसको सेरोफेरो नै लेखकीय परिवेश हुनाले तत्कालिन दार्जीलिङ विविध स्थितिको

संकेत यहाँ प्रस्तुत गरिएको छ। त्यसपछि क्रमैले यही समाजिक सन्दर्भको घेरामा रूपनारायण सिंहका कथा, उपन्यास, कविता र अन्य लेखहरूको समाजशास्त्रीय अध्ययन यस अध्यायमा गरिएको छ।

पाँचौ अध्याय उपसंहारके रूपमा रहेको छ। रूपनारायण सिंहका कृतिहरूमा पाइने सामाजिकतालाई संक्षिप्त रूपमा यस अध्यायमा प्रस्तुत गरिएको छ। यसै अध्यायमा निस्कर्ष पनि दिइएको छ।

अन्तमा यस शोध प्रबन्ध पूर्ण गर्नको निम्ति जे जति पुस्तकहरूको सहयोग लिइयो ती सबै ग्रन्थहरूको सन्दर्भ सूची पनि यसै अध्यायमा राखिएको छ।

## १.३. पूर्वकार्यको सर्वेक्षण :

रूपनारायण सिंह सम्बन्धमा आजसम्म कुनै ठोस र अधिरिक अनुसन्धनात्मक कृति प्रकाशित भएको छैन। नेपाली साहित्यको परम्परा र प्रवृत्तिको विश्लेषण गर्ने क्रममा प्रासंगिक रूपले मात्र रूपनारायण सिंहका कृतिहरू चर्चित भएका छन्। यद्यपि भारतीय साहित्यका निर्माणकर्ता (Makers of Indian literature) को क्रममा जीवनीमूलक परिचय दिने हेतुले साहित्य अकादमी, नयाँ दिल्लीबाट सुश्री सूर्यकला थापाद्वारा अग्रेजी भाषामा लिखित **'रूपनारायण सिंह'** (Rupnarayan Singh' 1994) प्रकाशित भएको पाइन्छ। यस कृतिलाई मूलत: गैर नेपाली भाषी पाठकहरूकालागि रूपनारायण सिंहको संक्षिप्त परिचय दिनसक्ने सूचनात्मक पुस्तिकाको रूपमा स्वीकार्न सकिन्छ। यसबाहेक अन्यत्र रूपनारायणका रचनाहरूलाई लिएर लेखिएका केही समालोचनात्मक लेखहरू मात्र उपलब्ध छन्।

रूपनारायणका कृतिगत मूल्याङ्ननको क्रम उनको पहिलो कृति **भ्रमर**कै प्रकाशनदेखि शुरूभएको पाइन्छ। नेपाली साहित्य सम्मेलन, दार्जीलिङबाट प्रकाशित **भ्रमर** (सन् १९३६)-मा सम्मेलनका सदस्य सचिव सूर्यबिक्रम ज्ञवालीले लेखेको 'उपोद्घात' लाई **भ्रमर** विषयक पहिलो र आधिकारिक मूल्याङ्कन मान्नु पर्दछ। यसमा ज्ञवालीज्यूले **भ्रमर**लाई भारतमा बस्ने नेपालीहरूमा परेका अंग्रेजी शिक्षा र नवीन विचारका प्रचारको प्रभावबाट जन्मेको उपन्यास मानेका छन्। यसलाई उनले नयाँ ढाँचाका रचनाको रूपमा स्वागत गरेका छन् र यसमा चरित्रहरूका विकास सुन्दरतापूर्वक देखाइएको अनुभव गरेका छन्। रूपनारायणको शैलीलाई निजी विशेषताले भरिएको र चित्ताकार्षक तथा प्रभावशाली मानी प्रशंसा गरेका छन् 'उपोद्घात' भ्रमर ने. सा. स. १९३६. पृ१५)

यसपछि रूपनारायण सिंहका कथा नवरत्न प्रकाशित भएर बजारमा आउँदा विद्वान डा. ईश्वर बराल महोदयले **भारती** (१९५०, संख्या ३)-मा सिंह र उनका कथाकृतिमाथि विशेष चर्चा गरेका छन् । रूपनारायण सिंहका कथाशैलीलाई प्रशंसा गर्दै उनका सामाजिक चित्रणमा 'रैथाने नेपालीको सामाजिक चित्रण' रहेको कुरालाई स्वीकारेका छन् । सिंहका कथाकारिताको मूल्याङ्कन गर्दै डा. बरालले सिंहलाई 'अत्यन्त सफल यथार्थ निष्ठ जागरूक एवं प्रगतिशील कथाकार' को रूपमा मान्यता दिएका छन् ।

यसपछि उनको जीवनकालमा उनका कृतित्ववारे कुनै अधिकारिक मूल्याङ्कन भएन।२६ जनवरी १९५५ का दिन उनी परलोक भए पछि तुरन्तै १९५५ को फरवरी महिनामा श्री पारसमणि प्रधानद्वारा सम्पादित **भारती** पत्रिकाको ८-९ औं अङ्कमा विभिन्न साहित्यानुरागीहरूका निम्न लेख प्रकाशित भएका छन् :-

(क) स्वर्गीय रूपनारायण सिंह-कथाकारको रूपमा - श्री तारानाथ शर्मा

(ख) 'रूपनारायण सिंह छोटो अध्ययन' - श्री अगम सिंह गिरी

(ग) 'रोमान्टिक कलाकार रूपनारायण सिंह' - श्री बीर विक्रम गुरूङ्ग

(घ) 'मृत्युञ्जय' - श्री जी. छिरिङ ।

श्री तारानाथ शर्माले उक्त आफ्ना लेखमा रूपनारायण सिंहका कथामा पाइने सामाजिकतालाई सङ्केत गर्दै सिंहलाई 'शैली शिरोमणि' को नामले पनि विभूषित गरेका छन् । शर्माको लेख सिंहका कथा कर्तृत्वमाथि केन्द्रित रहेको छ भने श्री अगमसिंह, रूपनारायणका निकटतम व्यक्ति हुनाले जीवनी परक शोधका लागि यस लेखलाई आधिकारिक महत्व दिन सकिन्छ ।

सिंहका रोमान्टिक प्रवृत्तिलाई सङ्केत गर्दै उनका कथाकृतिका चर्चा गर्ने श्री बीर विक्रम गुरूङ्गको उक्त लेख र जी. छिरिङको 'मृत्युञ्जय' पनि रूपनारायण सिंहमाथि विशेष प्रकाश पार्ने आधार भएका छन् ।

रूपनारायण सिंहका कृति र व्यक्तित्वमाथि मूल्याङ्कन गर्ने क्रममा देखापर्ने वरिष्ठ साहित्यकार हुन् श्री इन्द्र बहादुर राई। इन्द्रबहादुर राईले **'टिपेका टिप्पणीहरू'** (प्र. स. १९६६) - मा **'भ्रमरका नारी पात्र'** **'रूपनारायण सिंहका लेखनकला'** **'खोजीमा खोज्दा'** शीर्षक अन्तर्गत रूपनारायण सिंहका कृतिहरूको विश्लेषण र मूल्याङ्कन गरेको पाइन्छ । यसैगरी उनको

अर्को बहुचर्चित समालोचनात्मक पुस्तक '**नेपाली उपन्यासका आधारहरू**' (सन् १९७४)-मा पनि सिंहका उपन्यासहरूको विश्लेषण भएको पाइन्छ । यस पुस्तकमा उनले भ्रमरलाई स्वच्छन्दतावादको आधारमा प्रतिष्ठापित गराएको पाइन्छ । उनले आफ्ना विश्लेषण र मूल्याङ्कनमा सिंहका सबैभन्दा ठूलो देन शैली नै हो भन्ने तथ्य प्रकट गरेका छन् ।

नेपाली साहित्यका वरिष्ठ समालोचक डा. वासुदेव त्रिपाठीको विचरण समालोचना पनि यस क्रमको महत्वपूर्ण प्राप्ति हो । वि. स. २०२८ मा प्रकाशित यस पुस्तकमा डा. त्रिपाठीले विभिन्न साहित्यिक विभूतिहरूको कृतिहरूका विवेचना गर्ने क्रममा भ्रमरको मूल्याङ्कन पनि प्रस्तुत गरेका छन् । 'आधुनिक नेपाली उपन्यासको पूर्ण प्रतिष्ठा रूपनारायण सिंहको भ्रमर उपन्यास (१९९३) सर्वप्रथम उपलब्धि हो ' (विचरण पृ. ९५) भन्दै डा. त्रिपाठी **भ्रमरको** महत्वलाई स्वीकार्न पुग्छन् । यत्तिमात्र होइन उनी त भ्रमर प्रकाशित हुनु भन्दा अधि भ्रमरको टक्करको कुनै उपन्यास नेपाली भाषामा आएको थिएन भन्ने तथ्यलाई समेत स्वीकार गर्दछन् अनि यसै सन्दर्भमा भ्रमरलाई उपन्यास- कलाका दृष्टिले सर्वाङ्गपूर्ण सिद्धि मान्न पुग्दछन् (पृ.१०३) ।

यस क्रममा भुल्न नसकिने नाम प्रा. राजनारायण प्रधानको पनि हो । सन् १९७३ मा प्रकाशित **केही कृति केही स्मृतिमा** 'भ्रमर' शीर्षकमा श्री प्रधानले रूपनारायण सिंहको भ्रमरलाई दार्जीलिङका दुइ श्रेष्ठ साहित्यिक सृजनाहरू मध्ये एक मानेका छन् । भ्रमरका गुण रअवगुण केलाउँदा केलाउँदै भ्रमरको भाषालाई 'सुश्री र सुषमित' मान्न पुग्दछन् । सिंहको कृतित्वमाथि मूल्याङ्कन गरे पश्चात उनी रूपनारायण सिंहको व्यक्तित्वमाथि नौलो दृष्टिकोणको प्रस्तुति **केही अनुहार केही झलक** (१९९५) - मा गर्न पुग्छन् ।

नरेन्द्र चापागाईं यस क्रममा देखा पर्ने अर्का आलोचक हुन् । भारतबाहिरबाट प्रकाशित नरेन्द्र चापागाईंको उपन्यास विश्लेषण ( वि. स. २०३३ वा सन् १९७६) मा भ्रमरको विश्लेषण गरिएको पाइन्छ । यस पुस्तकले भ्रमरलाई भारतीय नेपाली जीवनको प्रतिबिम्ब भएको कुरालाई स्वीकारेको छ ।

सन् १९७१-मा भ्रमरको तेस्रो संस्करणमा डा. जगत छेत्रीले लेखकको परिचय अन्तर्गत सिंहको कृति र व्यक्तित्वमाथि अन्वेषणात्मक लेख प्रस्तुत गरेका छन् ।

सिंहको कृति मूल्याङ्कनको क्रममा देखा पर्ने नेपालका वरिष्ठ समालोचक श्री कृष्णचन्द्र सिंह प्रधानको नाम पनि आउँछ । उनले आफ्ना समालोचनात्मक पुस्तक **नेपाली उपन्यास र उपन्यासकार** (वि. सा. २०३७ सन् १९८०-मा 'रूपनारायण सिंह' अन्तर्गत (पृ. २१९) भ्रमरको

आधुनिक प्रवृत्तिलाई स्वीकारेका छन् अनि भ्रमर उपन्यासलाई आधुनिक नेपाली उपन्यास क्षेत्रमा 'भ्रमर नयाँ मान्यताहरूको प्रभाव र यसलाई ग्रहण गर्न नसकिने प्रचलनका अन्तर्विरोधको सामाजिक कथा' भएको कुरालाई स्वीकार गर्दछन् । (पृ. २२१)

रूपनारायण सिंहका व्यक्तित्व र कृतित्ववारे विवेचना गर्ने विद्वान अन्वेषक प्रतापचन्द्र प्रधान पनि हुन् । सन् १९८२ मा प्रकाशित उनका दुइ समालोचना कृतिहरू **(१) नेपाली उपन्यास : परम्परा र स्वरूप, (२) नेपाली कथावलोकन** । उक्त दृष्टिकोणले महत्वपूर्ण रहेका छन् । पहिलो कृतिमा उनी भ्रमरको आधुनिक स्वरूपलाई स्वीकार्न पुग्छन् भने दोस्रोमा 'कथाकार रूपनारायण सिंह र उनका विशेषता' शीर्षक अन्तर्गत उनी सिंहका कृति र व्यक्तित्वमाथि प्रकाश पार्न पुग्छन् । उनको विचारमा **'अन्नपूर्णा'** शीर्षक कथाले नै सर्वप्रथम नेपाली कथाको फाँटमा आधुनिकताको सूत्रपात(पृ. ३३) भएको हो । तर अन्य समालोचकहरूले यस प्रति किन संकेत गरेनन् भन्ने प्रश्न समेत यिनी इंगित गर्न पुग्छन् ।

सन् १९८३ मा **दियालो** वाङ्मय विशेषाङ्कमा श्री जगतनारायण प्रधानको रूपनारायण सिंहका अधुरो उपन्यास **बिजुली** लेख पढन पाइन्छ । अधुरै भए पनि यस उपन्यासको बिश्लेषण गर्दै श्री प्रधान उपन्यासकार सिंहको विजुलीमा भाषा र शैली प्रशंसनीय रहेको कुरालाई स्वीकार्न पुग्छन् । अधूरै भए पनि उपन्यासको भाव खण्डित नभएको कुरालाई पनि श्री प्रधान संकेत . गर्छन् । यतिमात्र होइन सिंहको बिजुली पुस्तकाकारको रूपमा आउन नसकेको कारणलाई पनि देखाउने प्रयास गरेका छन् । बिजुली पुस्तकाकारका रूपमा आउने सूचना भारती पत्रिकाको वर्ष १ संख्या ७ मा प्रकाशित भएर पनि पूर्ण हुन नसकेकोमा प्रधानज्यू आफ्नो शंका यसरी प्रस्तुत गर्नपुग्छन् -

..........सिंहको मृत्यु हुँदासम्म अर्थात १९५५ साल सम्म पनि अप्रकाशित रही आजसम्म पूर्ण हुन सकेको छैन । यसरी एक दृष्टिकोणबाट हेर्दा प्रस्तुत उपन्यास पूर्ण नभई टुँगिएको मूल कारणत : सिंहको असामयिक निधनले गर्दा नै हो कि भन्ने शंका गर्न सकिन्छ। अर्को दृष्टिकोणबाट हेर्दा र यी प्रतिभाबारे लेख्दा उनका नजिकका साथीका - सहयोगीहरूका भनाइ अनुसार चाहिं सिंहले केही लेखेर पछि छापुँला भन्ने कहिले थिएनन् । तत्कालिन लेखक लेखिकाको कमी मात्र नभई प्रतिभाशाली लेखकले लेखेर थन्काई राख्ने आवश्यकता र समयको बढदो मागमा सिंहका धाराबाहिक रूपमा निस्किरेहको **बिजुली** उपन्यासका अरू खण्ड पनि पुरा लेखिएको र नै विज्ञापन हुन गएको हो भन्ने धेरै अड़कल गर्न गाह्रो पर्दैन । यसकारण केही हदसम्म विश्वास गर्न सकिन्छ कि सिंहले प्रस्तुत उपन्यास पूर्णरूपले नै लेखेर सिध्याएका थिए

भन्ने कुरोको प्रमाणित गर्नमा मूल आधार सिद्ध हुन्छ। उक्त कृति पुस्तकाकार रूपमा नदेख्दा प्रस्तुत कृतिको गुरू लिपि आवश्यक कुनै प्रकाशक अथवा कुनै विद्वानको हातमा परेको हुनुपर्छ भन्ने अनुमान गर्ने ठाउँ रहेको छ। (पृ. ९७) तर प्रधान महोदयले उठाएका शंकाको समाधान आजसम्म हुनसकेको छैन।

यसैगरी सिंहका कथा कृतित्वमाथि पनि प्रधान महोदयले विश्लेषणात्मक मूल्याङ्कन **रूपनारायण सिंह कथाकारको रूपमा** (१९८९ मा वृहत् समालोचनामा प्रकाशित) नामक लेखमा प्रस्तुत गरेको पाइन्छ। कथाकारको रूपमा सिंहलाई विश्लेशित गर्दै नेपाली कथा क्षेत्रमा सिंहकै **'अन्नपूर्णा'**देखि आधुनिक कथाको सूत्रपात भएको कुरालाई यिनी पनि स्वीकार्छन् । श्री प्रधानको विचारमा रूपनारायण सिंह नेपाली साहित्यका एक विशिष्ट शैलीकार, महान् शिल्पीकार साथै युगान्तकारी प्रतिभा हुन्।(९८२३)।

नेपाली साहित्यको इतिहास लेख्ने क्रममा डा. कुमार प्रधानको **'नेपाली साहित्यको इतिहास'** (A History of Nepali Literature) नामक अग्रेंजी भाषामा लिखित ग्रन्थ सन् १९८४ मा साहित्य अकादमी, दिल्लीबाट प्रकाशित भएको छ। यो पुस्तक पनि गैर नेपाली भाषीको निम्ति नेपाली साहित्यविषयक एक उपयोगी ग्रन्थ साबित भएको छ। यस पुस्तकमा डा. प्रधानले संक्षिप्त तौरमा नै भए पनि रूपनारायण सिंहका कथा कृतिका चर्चा गरेका छन् ।

यसैगरी वि. स. २०२१ मा प्रकाशित रत्नध्वज जोशीका **आधुनिक नेपाली साहित्यको झलकमा** (सा.प्र.) सिंहको औपचारिक रूपमा संकेत मात्र भएको छ। यसको तेस्रो संस्करणमा (२०३९) त सिंह- को सट्टामा पाण्डे हुन गएकोले भ्रामक समेत बन्न पुगेको छ।

वि, स. २०३४ मा प्रकाशित डा. दयाराम श्रेष्ठ'सम्भव' र मोहनराज शर्माको **नेपाली साहित्यको संक्षिप्त इतिहासमा** चाहिं इतिहासको क्रममा सिंहको नाममात्रको उल्लेख भएको पाइन्छ ।

आधुनिक कथाको चर्चा परिचर्चामा तत्कालिन युगमा रूपनारायण सिंहको नाम त्यस क्रममा नपरे तापनि सन् १९८८ मा खरसाङबाट प्रकाशित हिमाली सन्देश(स. ईश्वरी प्रसाद निरौला) पत्रिकामा डा. दयाराम श्रेष्ठ सम्भवका लेख 'रूपनारायण सिंहको पहिलो कथा **परिवर्तन** १८८३'-ले भने रूपनारायण सिंहकै कलमबाट नेपाली कथा क्षेत्रमा नव आभा थपिदिएको कुरा स्पष्ट हुन्छ। यस लेखले रूपनारायण सिंहमा **'परिवर्तन'** कथादेखि नै शैलीशिल्पमा तिक्खरता रहेको तथ्यलाई स्पष्ट पार्दछ। उक्त लेखले सिंहको शैली र अभिव्यक्ति शक्तिको प्रशंसा गर्दै उचित मूल्याङ्कन प्रस्तुत गरेको पाइन्छ।

शैलीशिल्पमा तिक्खरता रहेको तथ्यलाई स्पष्ट पार्दछ। उक्त लेखले सिंहको शैली र अभिव्यक्ति शक्तिको प्रशंसा गर्दै उचित मूल्याङ्कन प्रस्तुत गरेको पाइन्छ।

सिंहका कृति मूल्याङ्कन र विश्लेषण क्रममा देखा पर्ने अर्का विद्वान हुन् नेपालका डा. मुरारीप्रसाद रेग्मी। सन् १९८३(वि. स. २०४०)- मा डा. मुरारीप्रसाद रेग्मीले आफ्नो पुस्तक **मनोविश्लेषणात्मक समालोचना**(उपन्यास खण्ड) - मा **'भ्रमर'**: पात्र मनोविश्लेषण शीर्षक अन्तर्गत भ्रमरलाई मनोवैज्ञानिक ढङ्गले विश्लेषण गर्दै मूल्याङ्कन प्रस्तुत गरेका पाइन्छ। मनोविश्लेषणात्मक ढङ्गले भ्रमरका मूल्याङ्कन गर्ने प्रथम प्रयास यसैलाई मान्न सकिन्छ । डा. रेग्मीको विचारमा भ्रमरमा मानवीय मूल्य बोधको प्रस्फुटन प्रभावशाली ढङ्गले भएको छ र यस उपन्यासमा व्यक्त सामाजिक सुप्रवृतिहरूका प्रस्फुटन र मानववादी दर्शनको कारणले गर्दा नै रूपनारायण सिंह उपन्यासकारको रूपमा आदरणीय र श्रद्धेय रहेका छन्।( पृ २७४)

श्री रूपनारायण सिंहका साहित्यिक व्यक्तित्वलाई अझ चहकिलो पार्ने काम दार्जीलिङ नेपाली साहित्य सम्मेलनबाट प्रकाशित ***सम्मेलन कथा संग्रह***- ले गरेको पाइन्छ। यस संग्रहको भूमिकामा (दो. स. १९९२) उनलाई प्रथम आधुनिक नेपाली कथाकारको रूपमा चिनाइएको पाइन्छ। ***'नेपाली कथाको आरम्भ र विकास'*** -लाई केलाउँदै श्री सिंहको **' अन्नपूर्णा'**- देखि नै नेपाली कथा- क्षेत्रमा आधुनिकताको किरण फिंजिएको थियो भन्ने तथ्यलाई यस पुस्तकको भूमिकाले स्पष्ट पारेको छ (पृ. ७) । यही सन्दर्भमा उनका कथा शैलीको प्रशंसा पनि प्रशस्त गरेको पाइन्छ।

***बिजुली*** शुरूदेखि नै विवादास्पद रहेका छ। आजको पनि यो चर्चा र परिचर्चाको परिधिमा घुमिरहेकै छ । समय-समयमा यस्ता चर्चा-परिचर्चाबाट पनि लेखकीय कृतिबारे मूल्याङ्कन हुनपुग्छ। यस्ता चर्चा परिचर्चाका प्रतिक्रिया स्वरूप देखा परेका लेखहरू श्री नरबहादुर दाहालको **' बिजुली साँच्चै हराइन्?'** (***समकालीन साहित्य,*** पूर्णाङ्क१३, माघ-फागुन चैत २०५० पृ. ५९) र डा. दिवाकर प्रधानको ' ***बिजुली***बारे' (***समकालीन साहित्य,*** वर्ष ६, पूर्णाङ्क २३, साउन भदौ, असोज २०५३, पृ. ८७) लेखलाई महत्वपूर्ण मान्न सकिन्छ। पहिलो लेखमा दाहाल महोदयले ***बिजुली*** पूर्ण हुन नसकेको कारण ***बिजुली***को पाण्डुलिपि कसैबाट लुकाइएको हो भन्ने आशंका प्रकट गर्दै ***बिजुलीको*** सान्दर्भिकता दोस्रो महायुद्धकालिन बृटिश फौजको ' वकाइ '( WACI) संग जोड़ेर देखाएका छन् र हराएका पाण्डुलिपि खोजेर निकाल्ने आह्वान यस लेखमा गरेको पाइन्छ भने डा. दिवाकर प्रधानले यस मतको खण्डन गर्दै बिजुली अधूरो नै थियो र बिजुलीको ' वकाइ'- सित कुनै प्रकारको सम्बन्ध थिएन भन्ने कुरालाई प्रमाणित गरेर देखाउने प्रयास गरेका छन् ।

अन्वेषक नेत्र एटम '**रूपनारायण सिंह: व्यक्तित्व र कृतित्व**' (***समकालीन साहित्य*** वर्ष ७ पूर्णाङ्क २८ कार्तिक मङ्सिर पुष २०५४ पृ. ८५) यस क्रममा देखा परेको महत्वपूर्ण अन्वेषणात्मक लेख हो । यस लेखमा सिंहको व्यक्तिगत जीवनसंगै उनका कृतिहरूको पनि विवेचना गरिएको पाइन्छ । यस लेखमा अन्वेषकले रूपनारायण सिंहको प्रतिभा र साहित्यिक मूल्यलाई प्रशंसनीय ठान्दै तत्कालिन युगमा रूपनारायण सिंह ' युगद्रष्टा र युगपुरूष ' रहेका तथ्यलाई अवगत गराउन पुग्छन् ।

प्रा. मोहन प्रसाद दाहाल यस क्षेत्रमा देखा परेका उल्लेखयोग्य व्यक्ति हुन् । उनले आफ्ना पुस्तक ***आधुनिक नेपाली उपन्यास***मा भ्रमर पर्यालोचन शीर्षक अन्तर्गत भ्रमरको मूल्याङ्कन गर्ने प्रयास गरेका छन् अनि सिंहलाई स्त्री शिक्षाका समर्थकको रूपमा स्वीकारेका छन् ।

रूपनारायण सिंहका कृतिहरूको कृति मूल्याङ्कनमा विविध विद्वानहरू देखा परे । आ-आफ्नै पाराले सिंहका कृति र व्यक्तित्वमाथि प्रकाश पारे र सिंहका शिल्पकारिता र साहित्यिक व्यक्तित्वमाथि सबैलै नै सकारे । तर यस क्रममा एउटा नयाँ दृष्टिकोण लिएर सिंहका कृतिलाई मूल्याङ्कन गर्ने साहित्यकार पनि देखा परेका छन्- ती हुन् श्री बद्री नारायण प्रधान । उनको '**भारतीय नेपाली साहित्य र रूपनारायण सिन्हा**(१९०५-५५) ' नामक लेख प्रवीण मोक्तानद्वारा अंग्रजी भाषामा अनुदित भएर '**नेपाली साहित्य र रूपनारायण सिन्हा**' (Nepali Literature and Rupnarayan Sinha) नामक शीर्षक अन्तर्गत कलिम्पोङबाट प्रकाशित हुने अंग्रजी पत्रिका ***फ्ल्याट फाइल(flat file*** vol 2, Nov.97 P:7-8)-मा देखा परेको छ । स्वयं एक कम्यूनिष्ट भएका हुनाले यिनले सिंहको कथा ' आमा'लाई एक कम्यूनिष्ट कार्यकर्त्ताको दृष्टिमा हेर्ने र मूल्याङ्कन गर्ने प्रयास गरेका छन् । यस लेखमा सिंहको कथा 'आमा' -मात्र केन्द्रविन्दु रहेको छ । साम्यवादी आडम्बरका विरोधमा 'आमा' कथा उभिएको छ । यसैले आमा कथा साम्यवादी नेता र दल दुवैको विरोधमा एक गतिलो विरोध हो भनेर प्राय: जसो सबै समालोचकहरूले मानेका छन् । राजनैतिक चेतनाले युक्त नेपाली कथा जगतमा प्रथम प्रयोग ' आमा ' नै हो भन्ने विचार पनि पाइन्छ तर साम्यवादका आडम्बरको विरोधमा लेखिएको यस कथालाई श्री प्रधान यथार्थभन्दा धेरै टाढ़ा रहेको कुरालाई उक्त लेखमा स्पष्ट पार्न पुग्छन् । आफू एक कम्यूनिस्ट कार्यकर्त्ता भएको हुनाले ' **आमा** ' कथामा वर्णित साम्यवादी दलको अफिसलाई झूठो सिद्ध गर्दै उनी ' आमा ' कथाको प्रतिवाद गर्न पुग्छन् । उनको विचारमा त यो कथा कम्यूनिष्ट दललाई बदनाम गर्न र चिया बगानका ब्रिटिश मालिकहरूलाई खुशी पार्नको निम्ति मात्र लेखिएको हो ( Ama is thus nothing but an exercise to defame Commnists, to vilify the ideas

of Communism and so to help the British Master) । आमा कथामा रहेको मार्क्सवादी धारणाको प्रस्तुतिकरणलाई भ्रमपूर्ण ठाने ता पनि उनी रूपनारायण सिंहका साहित्यिक व्यक्तित्वलाई भने स्वीकार्न पुग्छन् ।

नेपाली साहित्यमा रूपनारायण सिंहका कृतिहरूका मूल्य- परक अध्ययन भएको धेर भएको छैन। अल्पावधिमा गरिएका उक्त प्रयासहरूले मूलभूत योगदान भने पुऱ्याएकै छन्।

समाज र साहित्य एक अर्काका सम्पूरक भएका हुनाले साहित्यका मूल्याङ्कन गर्दा समाज अस्पृश्य हुने कुरा आउँदैन । भानुभक्तको साहित्यले तत्कालीन समाजको विम्ब प्रस्तुत गरेकै थियो । यसै गरी मध्यकालीन र आजसम्मका साहित्यले तत्कालीन समाजलाई अङ्गीकार गरेको कुरालाई नकार्न सकिन्न। समाजशास्त्रीय दृष्टिकोण अङ्गालेर नै सिंहका कृतिहरूको मूल्याङ्कन फेला पार्न सकिएन तर श्री इन्द्रबहादुर राई, डा. बासुदेव त्रिपाठी, समालोचक कृष्णचन्द्रसिंह प्रधान, प्रा. राजनारायण प्रधान, समालोचक तारानाथ शर्मा, श्री अगमसिंह गिरी, डा. प्रतापचन्द्र प्रधान आदि विद्वानहरूले रूपनारायण सिंहबारे लेखेर वा अन्वेषण गरेर रूपनारायण सिंहका कृतिहरूको मूल्याङ्कन गर्ने आधार बनाइदिएका छन् । यिनै पूर्वकार्यलाई उपजीव्य आधार बनाएर शोध प्रबन्ध तयार हुन सकेका कुरालाई स्वीकार्नु पर्दछ।

**१.४.सामग्री संकलन:**

यो शोध प्रबन्ध तयार गर्नको निम्ति निजी संग्रहित पुस्तकहरूवाहेक, सन्त जोसेफ स महाविद्यालय दार्जीलिङ, उत्तर बंग विश्वविद्यालयको पुस्तकालयबाट पनि शोध विषयक सामग्री प्राप्त गर्न सकिएको छ ।

आफ्नो शोध प्रबन्ध तयार पार्नका निम्ति दार्जीलिङ जिल्ला पुस्तकालय (District Library )- बाट विशेष सहयोग प्राप्त गर्न सकियो भने ***खोजी***- का केही अंक प्राप्त गर्न गोर्खा दु:ख निवारक सम्मेलन, दार्जीलिङ - बाट पनि थप सहयोग भएको कुरालाई भुल्न सकिँदैन ।

लेखक विषय अझ बेसी जान्ने इच्छाले सिपाहीधूरा स्थित लेखकको मूलघर जान वाध्य गरायो। सौभाग्यले उनकी काँइली बहिनी चन्द्रवती र श्रीमती सरोजसिंहसित भेट भयो र उनीहरूबाट प्राप्त जानकारीले पनि शोध सामग्रीमा केही थपनी हुन पुग्यो।

धेरै अघि रूपनारायण सिंहका कथा '**परिवर्त्तन**' वरिष्ठ साहित्यकार डा. दयाराम श्रेष्ठ

सम्भवसित भएको कुरा थाहा पाएकी थिएँ । यसैले सिंहका सबै कथाहरू भेला गर्नको निमित उक्त कथा पठाइदिने अनुरोध पत्र उहाँलाई पठाएँ । पत्रोत्तरमा उहाँले पठाउनुभएको ' परिवर्त्तन' -को फोटोकपी पनि प्राप्त गर्न समर्थ भएँ । यसरी डा. दयाराम श्रेष्ठ सम्भवका सौजन्यले रहल सामग्री पनि प्राप्त गर्न सकें ।

## १.५. शोधको सीमा:

यस प्रबन्धमा रूपनारायण सिंहले लेखेका प्रकाशित कृतिहरू र अन्यस्रोतबाट कृतिलाई विश्लेषण र मूल्याङ्कन गर्नुनै विषयको रूपमा ग्रहण गरिएको छ।

रूपनारायण सिंह दार्जिलिङ्का उपज थिए। उनी भारतका नेपाली समाजका एक विशिष्ट साहित्यिक रूपमा मात्र होइन तर एक योग्य वकीलका रूपमा पनि प्रख्यात थिए । साहित्यकार सदैव आफ्नो देश- कालप्रति सचेत रहेका हुन्छन् । उसमा पनि आफ्नो समाजको पर्यावरणको यथेष्ट प्रभाव परेको हुन्छ। कुनै पनि साहित्यकार आफ्नो समाजको प्रभावबाट मुक्त हुन नसक्ने हुनाले श्री रूपनारायण सिंह पनि आफ्नो सामाजिक पर्यावरणबाट मुक्त बन्न सकेका थिएनन् होला । उनमा पनि आफ्नो समाजको प्रभाव निश्चय नै परेको थियो होलान् । यही सामाजिक सन्दर्भको घेरामा राखेर उनका कृतिहरूको अध्ययन गर्ने प्रयास यस शोध प्रबन्धमा गरिएको छ। उनको युग विशेष सन् १९०४-देखि सन् १९५५-सम्म रहेको हुनाले यही अवधिलाई ध्यान केन्द्रित गर्दै यस प्रबन्ध कार्यको सीमा निर्धारित गरिएको छ।